**भारतीय राजदूतावास**

**काठमाडौं**

********

## प्रेस विज्ञप्ति

## नेपाललाई निर्वाचन सम्बन्धी सहयोगको पहिलो खेप उपहारस्वरुप प्रदान

मिति २०८२ माघ ६ गते काठमाडौंस्थित गृह मन्त्रालयमा आयोजित एक समारोहमा भारतबाट प्राप्त निर्वाचन सम्बन्धी सहयोगको पहिलो खेप नेपालका माननीय गृहमन्त्री श्री ओमप्रकाश अर्याललाई हस्तान्तरण गरियो । भारतीय राजदूतावास, काठमाडौंका कार्यवाहक राजदूत डा. राकेश पाण्डेले आगामी चुनावको तयारीका लागि नेपाल सरकारले खोजेको सहयोगको एक हिस्साका रुपमा ६० भन्दा बढी डबल-क्याब पिकअप सवारी साधन र अन्य सामग्रीहरु हस्तान्तरण गर्नुभयो ।

२. गृहमन्त्री श्री ओमप्रकाश अर्यालले उपहारस्वरुप प्राप्त सवारी साधन तथा सामग्रीका लागि भारत सरकार र भारतीय जनताप्रति धन्यवाद व्यक्त गर्नुभयो । वहाँले भारत र नेपालबीचको गहिरो र व्यापक सम्बन्धको पनि सराहना गर्नुभयो ।

३. नेपाल सरकारको अनुरोधमा भारतले सन् २००८ देखि नेपाललाई निर्वाचन सम्बन्धी सहयोग उपलब्ध गराउँदै आएको छ । यस अन्तर्गत भारत सरकारले निर्वाचन आयोग लगायत नेपालका विभिन्न मन्त्रालयहरु र विभागहरुका लागि उपहारस्वरुप लगभग २,४०० सवारी साधनहरु उपलब्ध गराइसकेको छ । आगामी निर्वाचनका लागि भारतले उपलब्ध गराउने सहयोगमा करिब ६५० सवारी साधनहरु रहेका छन् जुन आगामी केही हप्ताहरुमा विभिन्न ब्याचहरुमा उपलब्ध गराइनेछन् ।

४. भारतीय पक्षबाट भइरहेको यो सहयोग र समर्थन दुई देशबीच रहिआएको बहुआयामिक र बहुक्षेत्रीय विकास साझेदारीको उपयुक्त प्रतिबिम्ब मात्र नभई भारत र नेपालका जनताबीचको गहिरो आपसी विश्वास र मित्रताको प्रतीक पनि हो ।

काठमाडौं

२०८२ माघ ६